राष्ट्रिय पुनर्निर्माण प्राधिकरण र नगरपालिका एवं गाउँपालिका बीच भएको पुनर्निर्माण सम्बन्धी

समझदारी पत्र

राष्ट्रिय पुनर्निर्माण प्राधिकरण (जसलाई यसपछि 'प्राधिकरण' भनिएको) र.........महाभारत.........................नगरपालिका/गाउँपालिका (जसलाई यसपछि 'नगरपालिका/गाउँपालिका' भनिएको) का बीचमा पुनर्निर्माणको कार्यको समन्वय एवं सहयोग आदान प्रदानका लागि देहायबमोजिमका शर्तहरुका अधिनमा रही कार्यान्वयन गर्ने गरी यो समझदारी पत्रमा हस्ताक्षर गरिएको छ।

१. प्राधिकरणले नगरपालिका/गाउँपालिकामा इन्जिनियर, सब-इन्जिनियर, असिस्टेण्ट सब-इन्जिनियर र डकर्मी आवश्यकता अनुसार खटाउने छ। प्राधिकरणबाट खटिएका सबै जनशक्तिलाई पुनर्निर्माणको काममा खटाउने, हाजिरी राख्ने लगायतका प्रशासनिक क्रियाकलापको जिम्मेवारी नगरपालिका/गाउँपालिकाको हुनेछ। नगरपालिका/गाउँपालिकाभित्र आवश्यकता अनुसार वडामा नगरपालिका/गाउँपालिकाले जनशक्तिलाई खटनपटन गर्नेछ। नगरपालिका/गाउँपालिका भन्दा अन्यत्र सरुवा गर्दा नगरपालिका/गाउँपालिकाको सहमति लिइनेछ। सम्बन्धित वडाका वडाध्यक्षको सिफारिशमा नगरपालिका/गाउँपालिका प्रमुख/अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृतहरुले हाजिरी प्रमाणित गरेको आधारमा जिल्लास्तरीय आयोजना कार्यान्वयन इकाईले निजको तलब भत्ता उपलब्ध गराउनेछ।

२. बुँदा नं. १ मा उल्लेख गरिएको बाहेकका अन्य कर्मचारी विज्ञ समेत प्राधिकरणले आवश्यकता र औचित्यताका आधारमा नगरपालिका/गाउँपालिकामा पठाउन सक्नेछ। यसरी पठाइने कर्मचारीको सेवा, शर्त र कार्य जिम्मेवारी नियुक्ति वा करारका बखत तोकिएबमोजिम हुनेछ।

३. नगरपालिका/गाउँपालिकाले प्राधिकरणबाट खटिएका जनशक्तिहरुलाई पुनर्निर्माणको काममा मात्रै लगाउनु पर्नेछ।

४. नगरपालिका/गाउँपालिकामा प्राधिकरणबाट खटिएका जनशक्तिहरुलाई आवश्यक कार्यस्थल र फर्निचर पालिकाले व्यवस्था गर्नुपर्नेछ। प्राधिकरणले मसलन्द खर्चका लागि आवश्यक पर्ने बजेट शर्तसहित एकमुष्ट नगरपालिका/गाउँपालिकामा निकाशा उपलब्ध गराउनेछ।

५. नगरपालिका/गाउँपालिकामा खटिएका कर्मचारीहरुलाई उच्चतम पदीय मर्यादाबमोजिमको कर्तव्यपालनाको लागि आवश्यक वातावरणको सृजना नगरपालिका/गाउँपालिकाले गरिदिनु पर्नेछ। कुनैपनि हालतमा सामाजिक एवं राजनीतिक पूर्वाग्रहको आधारमा निर्णय गर्नुपर्ने अवस्थाबाट मुक्त राखी निष्पक्ष तवरबाट कार्य गर्ने वातावरणको सिर्जना गर्नु पर्नेछ।

६. स्थानीयस्तरबाट कार्यान्वयन हुने आयोजनाहरु जस्तो गुम्बा, एकीकृत बस्ती, स्थानीय पूर्वाधारका आयोजनाका लागि तोकिएबमोजिमको बजेट प्राधिकरणले शर्तसहित नगरपालिका/गाउँपालिकामा निकाशा उपलब्ध गराउने व्यवस्था मिलाउन सक्नेछ।

नगरपालिका/गाउँपालिकाले गर्ने भनी तोकिएका आयोजनाको कार्यान्वयन प्राधिकरणले निर्धारण गरे बमोजिम सम्पन्न गरी नगरपालिका/गाउँपालिकाले फरफारक गर्नु पर्नेछ ।

७. नगरपालिका/गाउँपालिकाले प्राधिकरणको सहयोग र समन्वयमा स्थानीय पुनर्निर्माण कार्य योजना तयार पारी कार्यान्वयन गर्नेछन् । यसमा प्राधिकरणले आवश्यक सहयोग गर्नेछ ।

८. नगरपालिका/गाउँपालिकामा खटिएका कर्मचारीले पदीय आचरण विपरित कार्य गरेको भेटिएमा नगरपालिका/गाउँपालिकाले कारवाहीका लागि प्राधिकरणको जिल्ला आयोजना कार्यान्वयन इकाईलाई सिफारिश गर्नेछ । जिल्ला आयोजना कार्यान्वयन इकाईले कार्वाहीको प्रक्रिया अगाडि बढाउनेछ ।

९. लाभग्राहीसँग अनुदान सम्झौता भएपछि नगरपालिका/गाउँपालिकाले प्राविधिकहरुबाट डिजिटाइजेसन गर्नुपर्नेमा नभएको हकमा प्राविधिकहरुबाट डिजिटाइजेसन गर्ने, गराउने र सोको आधारमा निरीक्षण सिफारिश समेत गर्ने, गराउनेछ ।

१०. निजी आवास पुनर्निर्माण सम्वन्धी तथ्यांकहरु, अभिलेख, दस्तावेज प्राधिकरणबाट क्रमशः नगरपालिका/गाउँपालिकाहरुमा हस्तान्तरण गरिनेछ । यसरी हस्तान्तरण गर्दा आवश्यक प्रविधि, जनशक्ति र उपकरणको सहयोग प्राधिकरणले नगरपालिका/गाउँपालिकालाई गर्नेछ ।

११. पुनर्निर्माणको कार्यान्वयनको सिलसिलामा केही जटिलता एवं समस्याहरु आइपरेमा प्राधिकरण तथा नगरपालिका/गाउँपालिकाले आपसी समझदारी कायम गरी कार्यान्वयनलाई अगाडि बढाइनेछ ।

| प्राधिकरणका तर्फबाट हस्ताक्षर गर्ने | नगरपालिका/गाउँपालिकाका तर्फबाट हस्ताक्षर गर्ने |
|---|---|
| हस्ताक्षर: | हस्ताक्षर: |
| नाम : लोकनाथ रेग्मी | नाम : कान्छालाल त्रिखत्री |
| पद : आयोजना प्रमुख | पद : अध्यक्ष |
| कार्यालय : जिल्ला आयोजना कार्यान्वयन इकाई (जिमाली) काभ्रेपलाञ्चोक | कार्यालय : महाभारत गा.पा. |
| मिति : २०७५/०८/१० | मिति : २०७५/०८/१० |

साक्षीहरु

१. प्रमुख, जिल्ला समन्वय समिति, काभ्रेपलाञ्चोक ।

२. प्रमुख जिल्ला अधिकारी, काभ्रेपलाञ्चोक ।

३. प्रमुख जिल्ला आयोजना कार्यान्वयन इकाई (भवन) ।

४. प्रमुख, जिल्ला आयोजना कार्यान्वयन इकाई (शिक्षा) ।